मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १८४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन ३ गते आइतबार ❑ 19 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## पोखराको सेती नदी थुनिँदा झरना बन्यो, स्थानीय त्रसित; उच्च सतर्कता अपनाउन सुझाव

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन



पोखरा महानगरपालिका-१५ र १७ को सीमामा पर्ने रातोपहिरा क्षेत्रमा करिब दुई महिनाअघि गएको सुख्खा पहिरोका कारण सेती नदीको बहाव आंशिक रूपमा अवरुद्ध भएपछि त्यहाँ प्राकृतिक झरनाजस्तो दृश्य देखिएको छ।

नदी थुनिँदा ठूलो जलाशयसमेत बनेको भन्दै स्थानीयले सम्भावित विपद्को जोखिमप्रति चिन्ता व्यक्त गर्दै सम्बन्धित निकायसँग तत्काल स्थलगत अध्ययन, नियमित अनुगमन र आवश्यक सुरक्षा तयारी गर्न आग्रह गरेका छन्।

सुख्खा पहिरोले नदीको बहाव रोकिएपछि करिब ५० मिटर माथिसम्म पानीको बहाब पुगेर पानी झर्नाको रुपमा खसेको स्थानीय भगवान पोखरेलले बताउनु भयो। सेतीनदीमा पानीको बहाब बढ्नु, नदीको पानी थुनिनुले ताल बनेको जलाशय एकैपटक फुटे तल्लो तटीय क्षेत्रमा ठूलो क्षति पुग्न सक्ने भन्दै उहाँले समयमै जोखिम मूल्याङ्कन र आवश्यक व्यवस्थापन गर्नुपर्ने माग गर्नुभयो। स्थानीय तथा पत्रकार हरि बस्तोलाले पहिरो थुनिएको क्षेत्रको दायाँ-बायाँ भाग अझै बिस्तारै भासिने र थप पहिरो खस्ने क्रम जारी रहेको बताउनु भयो। थुनिएको भाग अचानक भत्किने वा थप पहिरो खस्ने जोखिम बढाएको उहाँले जनाउनु भयो। स्थानीयवासीका अनुसार नदी थुनिएपछि बनेको जलाशयका कारण आसपासको भू-भाग पनि कमजोर बन्दै गएकोले त्रसित हुनु भएको छ। सेती नदीको तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकलाई उच्च सतर्कता अपनाउन र सम्भावित जोखिम न्यूनीकरणका लागि पूर्वतयारी गर्न आग्रह गरिएको छ। कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले रातोपहिरा क्षेत्रमा सेती नदीको केही भाग थुनिँदा पानीको सतह बढेको विषयमा जिल्ला प्रशासनको ध्यानाकर्षण भएको बताउनु भयो। नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरीलगायत सुरक्षा निकायसँग छलफल गरी आवश्यक व्यवस्थापनका लागि छिट्टै पहल गरिने उहाँले जनाउनु भयो। शनिबार बिहान सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको टोलीले घटनास्थल पुगेर प्रारम्भिक अवलोकन समेत गरेको छ। निरन्तर वर्षाका कारण विस्तृत अध्ययनपछि आवश्यक निर्णय लिइने बताउँदै प्रजिअ गुरुङले स्थानीयलाई विशेष सतर्कता अपनाउन आग्रह गर्नुभयो।

पृथ्वीनारायण क्याम्पस, पोखराका भूगोल विभाग प्रमुख डा. रामजीप्रसाद पोखरेलले सेती नदीमा पानी थुनिएर जलाशय बन्नु नजिकका बस्तीका लागि गम्भीर जोखिमको संकेत भएको बताउनु भयो। तटीय क्षेत्रका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गर्दै आवश्यक परे जोखिमयुक्त बस्तीलाई सुरक्षित स्थानमा सार्ने तयारीसमेत गर्नुपर्ने उहाँको सुझाव छ। धर्तीफाँट क्षेत्रमा पनि पानीको सतह बढे त्यहाँको माटो पानीमा सजिलै घुल्ने प्रकृतिको भएकाले थप जोखिम उत्पन्न हुन सक्ने भूगोलविद पोखरेलले बताउनु भयो। "पोखरा जति प्राकृतिक रूपमा सुन्दर छ, त्यति नै भू-जोखिमको दृष्टिले संवेदनशील पनि छ। केही क्षेत्रमा वर्षापछि माटो घुल्ने, धर्ती फाट्ने र भ्वाङ पर्ने समस्या देखिने भएकाले नदी तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकले विशेष सावधानी अपनाउनुपर्छ," डा. पोखरेलले भन्नुभयो।

## गण्डकीका आठ जिल्लामा रात्रिकालीन यातायात बन्द गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन

जल तथा मौसम विज्ञान विभागले शनिबार र आइतबार गण्डकी प्रदेशका पहाडी भू-भागमा अति भारी वर्षा हुनसक्ने पूर्वानुमान गरेसँगै प्रदेशका आठ जिल्लामा रात्रिकालीन यातायात सेवा बन्द गरिने भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा शनिबार जारी सूचनामा गण्डकीका कास्की, गोरखा, लमजुङ, स्याङ्जा, तनहुँ, बागलुङ, पर्वत, म्याग्दीमा रातिको समयमा सवारी आवागमनमा रोक लगाइने उल्लेख छ। प्राधिकरणले उक्त अवधिमा जरुरी अत्यावश्यकबाहेक घरबाट टाढा नजान र रातिको समयमा यात्रा नगर्न अनुरोध गरेको छ। जुनसुकै बेला बाढीपहिरोलगायत विपद्का घटना हुनसक्ने हुँदा उच्च सतकर्ता अपनाउन र विपद् पूर्वतयारीमा जुट्न सम्बद्ध पक्षलाई अनुरोध गरिएको छ। कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले आज र आइतबार कास्कीबाट छुट्ने र जिल्ला हुँदै अन्यत्र जाने रात्रिकालीन यातायात सेवा पूर्णरूपमा बन्द गरिने जानकारी दिनुभयो। विपद् प्रतिकार्यका लागि जिल्लाका सबै संयन्त्र तयारी अवस्थामा रहेको उहाँको भनाइ छ।

## पोखरामा श्रृंखलाबद्ध चोरी गर्ने गिरोह पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन

पोखराका विभिन्न स्थानमा श्रृंखलाबद्ध रूपमा चोरीका घटनामा संलग्न भएको आरोपमा कास्की प्रहरीले विदेशी सहित ९ जनालाई पक्राउ गरेको छ।

पक्राउ परेकाहरूको साथबाट २५ तोलाभन्दा बढी सुनका गरगहना, ९ थान मोबाइल, एक थान ल्यापटप, एक थान स्मार्ट घडीको साथमा नगद दुई लाख एक हजार दुई सय २० रुपैयाँ बरामद गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ। पक्राउ परेकाविरुद्ध कास्की जिल्ला अदालतबाट चोरी तथा डाँका सम्बन्धी कसुरमा म्याद थप अनुमति लिएर थप अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी विरेन्द्रकुमार पासवानले बताउनु भयो। वडा प्रहरी कार्यालय बैदामबाट खटिएको विशेष प्रहरी टोलीले चोरीका घटनाबारे सूक्ष्म अनुसन्धान तथा निगरानी गर्ने क्रममा गिरोहलाई चोरीका सामानसहित पक्राउ गर्न सफल भएको उहाँको भनाई छ। पछिल्लो समय पोखरा महानगरपालिका क्षेत्रमा चोरीका घटना बढ्दै गएको सूचनापछि प्रहरीले विशेष निगरानी थालेको सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक (डीएसपी) पासवानले बताउनु भयो। अनुसन्धानका क्रममा एउटै गिरोहले विभिन्न स्थानमा योजनाबद्ध रूपमा चोरी गर्दै आएको खुलेको उहाँले जानकारी दिनुभयो। गिरोहले असार ४ गते पोखरा-१७ छोरेपाटनस्थित शिवप्रसाद बरालको घरबाट करिब आधा तोला सुनका गरगहना, एक लाख ५० हजार रुपैयाँ नगद, एक थान ल्यापटप र एक थान मोबाइल चोरी गरेको प्रहरीले जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ। यस्तै, असार १४ गते राति पोखरा-१८ मणिमार्गस्थित हेमराज गिरीको घरबाट करिब २५ तोला बराबरका सुनका गरगहना र ७० हजार रुपैयाँ नगद चोरी भएको थियो।

त्यसैगरी असार १५ गते पोखरा-१८ भकुण्डेस्थित गिरीधारी श्रेष्ठको घरबाट दुई थान मोबाइल र एक तोला ५४ लाल बराबरका सुनका गरगहना चोरी गरिएको प्रहरीले जनाएको छ। असार २३ गते पोखरा-८ ज्ञानकुञ्ज मार्गस्थित इरानी नागरिक मोहसेन खातमी बस्ने कोठाबाट एक थान मोबाइल र २५ हजार रुपैयाँ नगद चोरी भएको थियो भने सोही रात पोखरा-६ लेकसाइडस्थित हिरामणी लामिछानेको घरबाट आइफोनसहित अन्य सामग्री चोरी गरिएको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। पक्राउ पर्नेमा भारत उत्तर प्रदेशका २३ वर्षीय राहुल निषाद, भारत महाराष्ट्रका ४० वर्षीय सोमनाथ हनुमन्त जाधव, चीनको गुइझाउका ३० वर्षीय वेन जिए र चीनको सान्दोङका ३७ वर्षीय वाङ लियानयिन रहनु भएको छ। त्यस्तै, स्याङ्जा चापाकोट-३ का ४२ वर्षीय राजकुमार बिक, कास्की अन्नपूर्ण गाउँपालिका-७ का ५० वर्षीय राजु केसी भन्ने खिमबहादुर क्षेत्री, अर्घाखाँची भूमिकास्थान-३ का २९ वर्षीय अशोक पोखेल, पोखरा महानगरपालिका-१६ का ५१ वर्षीय केशव पाइजा मगर तथा बागलुङ नगरपालिका-१२ का २७ वर्षीय अनिल बिक पनि पक्राउ पर्नु भएको छ। डीएसपी पासवानका अनुसार बरामद भएका सामानहरू सम्बन्धित पीडितसँग मिलान गर्ने तथा गिरोहको संलग्नतामा अन्य चोरीका घटनासमेत भएको हुनसक्ने भएकाले अनुसन्धानलाई थप विस्तार गरिएको छ। अन्य व्यक्तिको संलग्नता खुलेमा उनीहरूलाई पनि कानुनी दायरामा ल्याइने प्रहरीले जनाएको छ। पछिल्ला केही सातायता पोखरामा घर तथा डेरा लक्षित चोरीका घटना बढिरहेका बेला ठूलो गिरोह पक्राउ परेसँगै यस्ता घटनाको अनुसन्धानमा महत्वपूर्ण सफलता मिलेको प्रहरीको दाबी छ।

## म्याग्दीको विकासमा सघाउने मन्त्री पुनको प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन



विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले म्याग्दीको बेनी-दरबाङ सडकअन्तर्गत फापरखेतको पहिरो नियन्त्रणका लागि सक्दो प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

शनिबार आफ्नो निर्वाचन क्षेत्रमा आउनुभएका मन्त्री पुनले सडकको निरीक्षणपछि यस्तो प्रतिबद्धता व्यक्त गर्नुभएको हो।

"चालु आर्थिक वर्षमा पहिरो नियन्त्रणका लागि सङ्घबाट रु चार करोड विनियोजन भएको छ, एक वर्ष भित्रमा समस्या समाधान हुनेमा विश्वस्त छु," उहाँले भन्नुभयो। करिब ३० वर्षदेखि उक्त स्थानमा पहिरोको समस्या छ। सडक माथिबाट खसेको पहिरोका कारण वर्षायाममा सडक अवरुद्ध हुँदा मङ्गला, मालिका र धवलागिरि गाउँपालिकावासीले आवतजावतमा सास्ती खेप्दै आएका छन्। आजै मन्त्री पुनले प्रदेश अस्पतालको निर्माणाधीन भवनबारे जानकारी लिनुभएको छ। उहाँले अस्पतालमा विशेषज्ञ चिकित्सकको व्यवस्था र उपकरणका लागि सक्दो प्रयास गर्ने बताउनुभयो।

साथै मन्त्री पुनले राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी कोरिडोरअन्तर्गत बेनी-जोमसोम सडकको म्याग्दी खण्डमा पर्ने बैसरी पहिरो रोकथाममा भएका प्रयासबारे पनि जानकारी दिनुभएको थियो।

## अन्नपूर्ण क्षेत्रमा पर्यटक आगमन वृद्धि

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन


अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्यटकको आगमन वृद्धि भएको छ। गत आर्थिक वर्ष २०८२/८३ मा पाँच लाख आठ हजार ४७६ जना विदेशी पर्यटकले यस क्षेत्रको भ्रमण गरेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले जनाएको छ।

आव २०८१/८२ को तुलनामा गत आवमा दोब्बर बढी पर्यटक यहाँ आएका बताउँदै आयोजना प्रमुख डा रवीन कडारियाले आव २०८१/८२ दुई लाख ७८ हजार ११३ जनाले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका जानकारी दिनुभयो। "गत आवमा पर्यटक आगमनमा नयाँ अभिलेख कायम भएको छ, सबैभन्दा बढी तीन लाख ७५ हजार ७९७ भारतीय पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका छन्", उहाँले भन्नुभयो। आयोजना प्रमख डा कडारियाका अनुसार दोस्रोमा चिनियाँ १२ हजार ५३९ र तेस्रोमा अमेरिकाका नौ हजार ८८४ पर्यटक यस क्षेत्रमा आएका हुन्। गत आवमा १६९ देशका पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएका आयोजना कार्यालयको तथ्याङ्कले देखाएको छ। तीमध्ये दक्षिण एसियाली मुलुकका तीन लाख ८४ हजार १४५ र अन्य मुलुकका एक लाख २४ हजार ३३१ रहेका छन्।

"गत जेठमा भारतसहित दक्षिण एसियाली देशका पर्यटकको सङ्ख्या झण्डै ३०० प्रतिशतले वृद्धि भयो", प्रमुख डा कडारियाले भन्नुभयो, "भारतीय पर्यटक यति ठूलो सङ्ख्यामा आएका यो पहिलोपटक हो", भारतमा पोखरा, मुक्तिनाथलगायत यस क्षेत्रका गन्तव्यस्थलको प्रवर्द्धन हुनु, यातायातको सहजता, सामाजिक सञ्जालमार्फत भइरहेको प्रचारप्रसारलगायत कारणले भारतीय पर्यटक बढेका उहाँको भनाइ छ। उक्त याममा गर्मी छल्न भारतीय पर्यटक पोखरा र आसपासका गन्तव्यमा आउने गरेका छन्।

वैशाख-जेठ महिनामा पर्यटकीय राजधानी पोखरामा होटलको 'अकुपेन्सी' ९० प्रतिशतसम्म पुगेको थियो। मनसुन भित्रनुपूर्वको याममा पोखरामा भारतीय पर्यटकको सङ्ख्या बढ्ने गरेको कडारियाले बताउनुभयो। पोखरा आउने भारतीय पर्यटकमध्ये करिब ४० प्रतिशत मुक्तिनाथ दर्शनमा जाने गर्दछन्। पदयात्राका लागि विभिन्न गन्तव्यमा जाने अन्य मुलुकका पर्यटकले केही समय पोखरामा बिताउने गरेका छन्। पदयात्रा पर्यटनका लागि अन्नपूर्ण क्षेत्र विश्वप्रसिद्ध गन्तव्य मानिन्छ। अन्नपूर्ण चक्रीय पदमार्ग भएर पर्यटक अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायत गन्तव्यस्थलमा पुग्ने गरेका छन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले ती गन्तव्यस्थलमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको आयोजना प्रमख डा कडारियाले जानकारी दिनुभयो। सात हजार ६०० वर्गकिलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले प्रसिद्ध छ।

अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा समेटिएका छन्। आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, आतिथ्यता र सेवा सुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि उत्कृष्ट मानिन्छ। कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा तय गर्न सकिन्छ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जनप्रतिनिधि र आमा समुह दौड प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन

पोखरामा जनप्रतिनिधि, बिद्यार्थी छात्र/छात्रा र खुला महिला /पुरुष ५ किलोमिटर त्यस्तै, आमा समुहको ३ किलोमिटर दौड प्रतियोगिता सम्पन्न भएको छ।

पोखरा अन्तराष्ट्रिय म्याराथनको आयोजक संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चको आयोजनामा शनिवार पोखरा महनगरपालिका भित्रका पुरुष तथा महिला जनप्रतिनिधिहरु,पोखरा १५ का आमा समुह तथा टोल विकास संस्थाका महिला सदश्यहरु, बिद्यार्थी छात्र-छात्रा र खुला महिला-पुरुष दौड सम्पन्न भएको हो। मञ्चले आयोजना गदै आइरहेको साप्ताहिक तथा मासिक दौड अन्तगर्त प्रत्येक महिनाको पहिलो शनिवार आयोजना गर्ने १९ औं श्रृंखला अन्तरगर्त रहेर पोखरा १५ मा उक्त प्रतियोगिता आयोजना गरेको रेस डाइरेक्टर एबम मञ्चका पूर्वअध्यक्ष तेजबहादुर गुरुङले जानकारी दिए।



पोखरा १५ स्थित ढुङ्गेसाँघु शिवमन्दिर चोकबाट शुरु भएको दौड सोहि वडाका बिभिन्न ठाउँहरु परिक्रमा गरि सोहि ठाउँमा आएर समापन भएको हो । दौडमा ५ किमि पुरुष जनप्रतिनिधि तर्फ वडा २० का गन्जमान गुरुङ पहिलो, त्यस्तै वडा १९ का विकास आचार्य दोस्रो र वडा ७ का वडा अध्यक्ष राम महोन आचार्य दोस्रो हुन् सफल भए।

त्यस्तै महिला जनप्रतिनिधि तर्फ वडा ७ कि सुनिता सुनार पहिलो, वडा १ कि शोभा गुरुङ दोस्रो र वडा १५ कि मन्दिरा परियार तेस्रो भइन् ।आमा दौड तर्फ स्यानिपाटन आमा समुहकि सृजना गुरुङ पहिलो, अलका पुर आमा समुहकि चाँदनी थापा दोस्रो र ढुङ्गेसाँघु आमा समुहकि पुष्पा वानियाँ तेस्रो भइन्।

छात्रा तर्फ मन कुमारी लामा पहिलो, रोश्नी राई दोस्रो,कविता मगर तेस्रो हुदा, छात्र तर्फ सक्क्षम भुजेल पहिलो,सन्दिप नेपाली दोस्रो र रोनल थापा तेस्रो भए।

खुला महिला दौड बिधामा नितु तामाङ पहिलो, सञ्जिता श्रेष्ठ दोस्रो, एलिसा अधिकारीले तेस्रो स्थान प्राप्त गर्न सफल भइन् ।त्यस्तै दौडमा महेन्द्र बहादुर बोगटी पहिलो,महेन्द्र मगर दोस्रो हुदा,सुजन थापले तेस्रो स्थान प्राप्त गर्न सफल भए।

आमा समुह दौडमा ८० बर्षकि प्रेम कुमारी थापाले पनि ३ किमि दौड पुरा गर्न सफल भएकि हुन् । बिजेता खेलाडिहरुलाई पोखरा महनगरपालिका कार्यबाहक मेयर मञ्जुदेवी गुरुङ, मञ्चका संस्थापक अध्यक्ष खड्क बहादुर रानाभाट,पोखरा १५ का वडा अध्यक्ष तोरण बहादुर वानियाँ, वडा ९का वडा अध्यक्ष दिपेन्द्र मर्सानी, वडा १ वडा अध्क्षय साहार प्रधान,पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की, प्रभु महालक्ष्मी लाईफ इन्स्योरेन्सका अनु तिवारी, पोखरा १७ का वडा अध्यक्ष राधिका शाहि योगी, प्रहरी तालिम केन्द्रका एस एस पि सजय सिह थापा, मञ्चका अध्यक्ष दिल बहादुर गुरुङ, निवर्तमान अध्यक्ष हरिप्रसाद पराजुली, प्रथम उपाध्यक्ष खेम गुरूङ, द्बितिय उपाध्यक्ष कृष्ण तिमिल्सिना, सचिव महेश पौडेल लगाएतले मेडल, प्रमाणपत्र तथा विभिन्न गिफ्ट ह्याम्पर प्रदान गरेका थिए। सोकार्यक्रममा प्रभु महालक्ष्मी लाईफ इन्स्योरेन्स, पोखरा महानगरपालिका वडा नं १५, वडा नं ७, जिल्ला खेलकुद विकास समिति र हरियोखर्क अस्पताल सहयोगि संस्थाको रुपमा रहेका थिए।

यस अघि असार ६ गते वडा नं. १ मा मञ्चले १८ औं श्रृङखला अन्तगर्तको दौड प्रतियोगिता आयोजना गरेको थियो। स्मरण रहोस अर्को दौड प्रतियोगिता भदौको पहिलो हप्ताको शनिवार भूपू सैनिकहरु बिच हुने मञ्चले जनाएको छ।

# इनरह्वील क्लब अफ पोखराको अध्यक्षमा निरुदेवी कायस्था

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन

इनरह्वील क्लब अफ पोखराको १७औं पदस्थापना समारोह भव्य रूपमा सम्पन्न भएको छ। नवनिर्वाचित अध्यक्ष निरुदेवी कायस्थाको अध्यक्षतामा आयोजित कार्यक्रममा सन् २०२६-२७ का लागि नयाँ कार्यसमितिले औपचारिक रूपमा पदभार ग्रहण गरेको हो।

नयाँ कार्यसमितिमा अध्यक्षमा निरुदेवी कायस्था, निवर्तमान अध्यक्षमा बिन्दु केसी, उपाध्यक्षमा शिला थापा, सचिवमा रञ्जना मानन्धर, कोषाध्यक्षमा सोनु श्रेष्ठ, आईएसओमा प्रतिभा तिमिल्सिना, सम्पादकमा दमयन्ती भट्टराई तथा कार्यकारी बोर्ड सदस्यमा गीता श्रेष्ठ र कमला गुप्ताले पद तथा जिम्मेवारी सम्हाले। कार्यक्रमकी प्रमुख अतिथि इनरह्वील इन्टरनेसनल डिस्ट्रिक्ट ३५० की सन् २०२६-२७ की डिस्ट्रिक्ट अध्यक्ष सृष्टि श्रेष्ठ प्रजापतिले पदस्थापनाको उद्घाटन गर्दै सेवा, मित्रता र सहकार्यको भावनासहित सबै सदस्य एकजुट भएर सामाजिक उत्तरदायित्वका कार्यमा अघि बढ्नुपर्नेमा जोड दिइन् । निवर्तमान अध्यक्ष बिन्दु केसीले नवपदाधिकारीलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै आफ्नो कार्यकालमा



साथ, सहयोग र योगदान पुऱ्याउने सदस्यहरूलाई मायाको चिनो प्रदान गरिन् । कार्यक्रम संयोजक तथा क्लबकी पूर्वअध्यक्ष रेश्मा वैद्यले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन्। कार्यक्रममा प्रस्तुत गरिएको 'आँखामा राख्छु मेरो देश, मुटुमा राख्छु म देश नेपाल' बोलको गीतमा बहिनीहरूले प्रस्तुत गरेको स्वागत नृत्यले उपस्थित सबैलाई मन्त्रमुग्ध बनाएको थियो । समारोहमा नेपाल दृष्टिविहीन कल्याण सङ्घ कास्कीका अध्यक्ष टेकमान प्रधानाङ, पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल, भ्वाइस फर फिचरका अध्यक्ष कुमार राना, युवा व्यवसायी माइकल कर्माचार्य, रोटरी क्लब अफ पोखराका अध्यक्ष मदन शर्मा, इनरह्वील क्लब अफ मिडटाउनकी अध्यक्ष भावना रानाभाट, इनरह्वील क्लब न्युरोडकी अध्यक्ष मञ्जु केसी, इनरह्वील क्लब अन्नपूर्णकी अध्यक्ष अनिता बराल, इनरह्वील क्लब अफ पोखराकी संस्थापक अध्यक्ष सोनु सिग्देल तथा इनरह्वील क्लब अन्नपूर्ण जुभेनाइलकी अध्यक्ष शृष वज्राचार्यलगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको अन्त्यमा क्लबकी उपाध्यक्ष शिला थापाले धन्यवाद ज्ञापन गरेकी थिइन् भने सचिव रञ्जना मानन्धरले कार्यक्रम सञ्चालन गरेकी थिइन् । यसै अवसरमा क्लबले आफ्नो सामाजिक उत्तरदायित्वलाई निरन्तरता दिँदै माछापुच्छ्रे माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई रु. ५५ हजार बराबरको नगद तथा शैक्षिक सामग्री वितरण गरेको थियो। उक्त सहयोगले आर्थिक रूपमा कमजोर विद्यार्थीहरूको अध्ययनमा सकारात्मक टेवा पुग्ने विश्वास क्लबले व्यक्त गरेको छ । सो कार्यक्रम अवधिभर त्रिप्ती श्रेष्ठ र अनिन्दीता श्रेष्ठले संयुक्त रुपमा प्राविधिक सहयोग गरेका थिए।

# पाटनवेशी टोल विकास संस्थाको अध्यक्षमा पुनः रवि वराल

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन

धेरै युवाहरू घुमफिर, मनोरञ्जन र आफ्ना व्यक्तिगत चाहनाहरू पूरा गर्न व्यस्त रहने उमेरमा रवि वरालले भने समाजसेवाको बाटो रोजे। 'केही खाइरहूँ, घुमिरहूँ र रमाइरहूँ' भन्ने उमेरमै पाटनवेशी टोल विकास संस्थाअन्तर्गतको युवा क्लबको अध्यक्षको जिम्मेवारी सम्हाल्दै उनले सामाजिक सेवाको यात्रामा पाइला चाले । त्यही यात्राले आज उनलाई पोखराका सक्रिय, जिम्मेवार र समाजप्रति समर्पित युवाका रूपमा स्थापित गरेको छ।



३९ वर्षीय वरालका लागि समाजसेवा कुनै रहर मात्र होइन, परिवारबाट प्राप्त संस्कार र प्रेरणाको निरन्तरता पनि हो । आफ्ना ठूला बुबा दीपमणि वराल, बुबा कृष्णप्रसाद वराल तथा हजुरबा बालकृष्ण वरालबाट प्राप्त प्रेरणाले नै आफूलाई समाजका लागि केही गर्ने ऊर्जा दिएको उनी बताउँछन्। ती तीनै जना अहिले जहाँ भए पनि हरेक पाइलामा उनीहरूको सम्झना र आशीर्वादले आफूलाई अघि बढाइरहेको अनुभूति हुने वरालको भनाइ छ। समाजसेवाको यात्रामा उनले विजय गङ्गा शुद्धाशुद्धि समितिको संस्थापक अध्यक्षका रूपमा दुई कार्यकाल सफलतापूर्वक नेतृत्व गरेका छन् । समितिमार्फत धार्मिक, सामाजिक तथा वातावरणीय सचेतनाका विभिन्न अभियान सञ्चालन गर्दै उनले नेतृत्व क्षमता र सामाजिक उत्तरदायित्वको उदाहरण प्रस्तुत गरेका छन् । रवि वरालको सक्रियता आफ्नो टोलमा मात्र सीमित छैन । पोखरा महानगरपालिका-१३ भित्र हुने सामाजिक, सांस्कृतिक तथा विकास निर्माणका अधिकांश गतिविधिमा उनी अग्रपङ्क्तिमा देखिन्छन् । श्रमदानदेखि आर्थिक सहयोगसम्म आवश्यक परेको हरेक क्षेत्रमा उनी निस्वार्थ रूपमा सहभागी हुने गरेका छन्। समाजलाई समृद्ध बनाउने अभियानमा उनको योगदान स्थानीयवासीले खुलेर प्रशंसा गर्ने गरेका छन् । व्यावसायिक जीवनमा पनि उनी उत्तिकै सक्रिय छन् । लामो समय ट्रक व्यवसायसँग आबद्ध रहँदै अनुभव बटुलेका वराल हाल हेभी इक्विपमेन्ट व्यवसायसँग सम्बन्धित कास्की जिल्लाको सदस्यका रूपमा कार्यरत छन् । व्यावसायिक व्यस्तताका बीच पनि समाजसेवालाई पहिलो प्राथमिकतामा राख्नु उनको विशेषता बनेको छ । रवि वरालको जीवनले एउटा सन्देश दिन्छ। समाज परिवर्तनका लागि उमेर, पद वा सम्पत्तिभन्दा पनि सेवा गर्ने मन, इमानदार प्रतिबद्धता र निरन्तर कर्म आवश्यक हुन्छ। यही सोचका साथ अघि बढिरहेका उनी आज पोखराका प्रेरणादायी युवा समाजसेवीका रूपमा चिनिएका छन् । उनै रवि पोखरा महानगरपालिका वडा नं १३ स्थित पाटनवेशी स्थित पाटनवेशी टोल बिकाश संस्थाको १७ औं वार्षिक साधारण सभा तथा सातौं अधिवेशनले शनिवार रबि बराललाइ अध्यक्ष चयन गरेको छ । संस्थामा १५ सदस्यिय नयाँ कार्यसमिती सर्वसम्मत निर्वाचित गरेको छ। संस्थाको बरिष्ठ उपाध्यक्षमा भीम के.सी, उपाध्यक्षमा रामचन्द्र बराल, सचीवमा सन्तोष लामिछाने, सहसचिवमा पवित्रा आचार्य गौतम तथा कोषाध्यक्षमा भीमबहादुर थापा मगर चुनिएका छन् । त्यसैगरी कार्यसमिति सदस्यहरूमा क्या. मीनबहादुर गुरुङ, सु.भीमबहादुर रानाभाट, सोमलाल दाहाल, रुद्रमान गुरुङ, शान्ती तामाङ, तेजबहादुर सुनार, सीता भुजेल, कल्पना सापकोटा र प्रतिभा भण्डारी रहेका छन् । अधिवेशनका सम्पन्न गर्न दामोदर बराल संयोजक रहेको छ सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो समितिमा शिरोमणी बराल, सुरेन्द्र अधिकारी, नरेन्द्र प्रसाद अधिकारी, सूर्यनाथ बराल र शिब भट्टराई सदस्य रहेका थिए। यस अघि अधिवेशनको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं १३का वडा अध्यक्ष किरण बरालले टोल विकास संस्थाहरुको विकास निर्माणमा वडा कार्यालय संधै साथमा रहेर सहकार्य गर्दै गएको बताए। उनले पाटनवेशीबहुउद्देश्यीयभवननिर्माण गर्ने योजना अगाडी सार्दा ,यही टोलका केही विकास विरोधीहरू, महानगरपालिकामा बनाउन हुँदैन भनेर डेलिकेशन गएको तितो यथार्थ रहेको सम्झाए। जस्ले जे जस्तो षडेयन्त्र गरेपनि वडाको सहयोग र टोलबासीको एकताले गर्दा भवन बनाई छाडिएकोमा खुशी व्यक्त गरे। अध्यक्ष बरालले वडाबाट धेरै शिर्षकमा बजेट विनियोजन गरिएको उल्लेख गर्दै आवश्यकताका आधारमा सदा विकास निर्माणमा समर्पित रहने प्रतिबद्धता व्यक्त गरे।

पाटनबेसी टोल बिकास संस्थाका अध्यक्ष रबि बरालको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा वडानं १३ की वडा सदस्य रजनी परियार, पत्रकार श्रीराम सिग्देल, ताराकुञ्ज बोर्डिङ्ग स्कुलका प्रिन्सीपल रबीमोहन बराल, पाटन वेसी टोल विकास संस्थाकी पूर्व अध्यक्ष, टिकादेबी पराजुली बराल, सल्लाहकार दामोदर बराल, सिर्जनामा समर्पित आमा समुहकी अध्यक्ष साबित्री पौडेल बराल, विजय गंगा आमा समुहकी अध्यक्ष शान्ती तामाङ्ग, दुधपोखरी टोल विकासका सचीव प्रकाश सापकोटा लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा उपाध्यक्ष रामचन्द्र बरालले स्वागत गरेको कार्यक्रमको सञ्चालन सहसचीव पवित्रा आचार्य गौतमले गरेकी थिइन्। सो अवसरमा पाटनवेसी टोल विकास संस्था द्वारा निर्माण गरिएको पाटनवेसी बहुउद्देश्यीय भवन निर्माणको आय ब्यय प्रतिवेदन सार्वजनिक गरिएको थियो । निर्माण समितिका अध्यक्ष भीम के.सी तथा कोषाध्यक्ष सावित्री शर्माले झण्डै ९१ लाखको लागतमा पक्की भवन निर्माण गरिएको तथा ९० लाख रुपयाँ आम्दानी गर्न सफल भएको बताएका थिए । कार्यक्रममा विविध सम्मान अन्तर्गत ८० वर्ष पुगेका १० जेष्ठ नागरिकलाई सम्मान गरिनुका साथै टोल सदस्यका छोरा छोरी मध्ये २०८१ सालदेखि हालसम्म कक्षा १२ मा उतीर्ण भएका झण्डै १५ जनालाई सम्मानित गरिएको थियो।

# स्थापना दिवसमा पोखरा फोटोग्राफर संघको रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन

पोखरा फोटोग्राफर सङ्घले आफ्नो ४५औं स्थापना दिवस सामाजिक उत्तरदायित्वसँग जोड्दै आयोजना गरेको रक्तदान कार्यक्रममा ४६ युनिट रगत सङ्कलन गरेको छ।

नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार केन्द्र, पोखराको प्राविधिक सहयोगमा शनिबार पोखरा महानगरपालिका-८ स्थित मानवअधिकार चोकमा सम्पन्न कार्यक्रममा ४६ जना सहयोगी मनका धनि रक्तदाताले रक्तदान गरेका हुन्। "रक्तदान जीवनदान, जीवनदान महादान" भन्ने मूल नारासहित आयोजित कार्यक्रमको उद्घाटन कैलास बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष खडानन्द अधिकारीले सङ्घका संरक्षक एवं ७३औं पटक रक्तदान गर्नुभएका गणेशलाल श्रेष्ठ (छवि) लाई ब्लड ब्याग हस्तान्तरण गरेर गर्नुभएको थियो । उद्घाटन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष अधिकारीले रक्तदानले बिरामीको जीवन बचाउन प्रत्यक्ष योगदान पुऱ्याउने उल्लेख गर्दै समाजमा मानवीय सेवाको संस्कृतिलाई थप सुदृढ बनाउन यस्ता अभियानलाई निरन्तरता दिनुपर्ने बताउनुभयो।

नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार केन्द्र, पोखराकी स्टाफ नर्स यमुना केसीले पोखरामा पछिल्लो समय रगतको अभाव बढ्दै गएको जानकारी दिँदै स्वस्थ नागरिकलाई नियमित रूपमा ३ महिनामा रक्तदान गर्न आग्रह गर्नुभयो। उहाँले विशेषगरी एबी पोजेटिभ रक्तसमूहको अभाव देखिएकाले विभिन्न सङ्घ-संस्थाले नियमित रक्तदान कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । कार्यक्रममा नेपाल फोटोग्राफर महासङ्घका केन्द्रिय उपाध्यक्ष दुर्गाप्रसाद पौडेल, फोटोग्राफर सङ्घ गण्डकीका वरिष्ठ उपाध्यक्ष तुलसीराम सुवेदी, गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य कमल पौडेल अथक, लायन्स क्लब अफ पोखरा दर्पणका अध्यक्ष अग्निधर




तिमिल्सिना लगायतले रक्तदानले रगतको अभाव न्यूनीकरणका साथै मानवीय सेवाको भावना विस्तार गर्न महत्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गर्नुभयो।

सङ्घका अध्यक्ष भक्तबहादुर तामाङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष नन्दकला पौडेलले स्वागत मन्तव्य राख्नुभएको थियो भने सचिव लक्ष्मीपति पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । यसैबीच, स्थापना दिवसको अवसरमा सङ्घले पाँचौं फोटोग्राफी अवार्डको घोषणा पनि गरेको छ। सङ्घका कोषाध्यक्ष अग्निधर तिमिल्सिनाका अनुसार विभिन्न नौ विधामा उत्कृष्ट नौ जना फोटोग्राफरलाई आगामी भदौ महिनामा आयोजना गरिने विशेष समारोहमा सम्मान तथा अवार्ड प्रदान गरिनेछ। सामाजिक उत्तरदायित्व र व्यावसायिक उत्कृष्टतालाई एकसाथ प्रवर्द्धन गर्ने उद्देश्यका साथ रक्तदान कार्यक्रम र फोटोग्राफी अवार्ड घोषणालाई स्थापना दिवससँग जोडिएको सङ्घले जनाएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# विधिको शासनलाई नमिच

अहिले सरकार सुशासनको गन्तव्य ताकेर एक्सप्रेस वे मा हुइँकिएको छ। गन्तव्य सही भए पनि असन्तुलित र असंयमित गति तथा मतिका कारण सरकार दुर्घटित हुन सक्छ भनेर अनुभवी सम्झाउँदैछन् । प्रतिनिधिसभामा होस् या सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीको महाधिवेशनमा विपक्षी दलका नेताहरुले दुर्घटना हुने गरि गति नबढाउन सुझाव दिएका छन । कसैको कुरा नसुन्ने शासकको बानी बुझेर होला सत्तारूढ दलका सांसदले सदनमा ट्रक साहित्य भन्दै "ढिलो गए अवश्य पुगिन्छ, छिटो भए भन्न सकिन्न "संझाउनु परेको छ । सरकारको ध्यान सरकारी मात्र होइन । सार्वजनिक-निजी संस्था, सहकारी र गैरसरकारी क्षेत्रका भ्रष्टाचार तथा विकृति रोक्न हात हाल्न खोज्दैछ । संविधानले दिएको परिधिभित्र बस्ने पक्षमा सरकार देखिदैन ।

जुनसुकै क्षेत्रको भए पनि भ्रष्टाचार र विकृति नियन्त्रण गर्नैपर्छ। सरसर्ती हेर्दा सरकारको कदम र ध्यान ठीकैजस्तो देखिन्छ। तर, लोकतन्त्र भनेको विधि र पद्धतिको शासन हो। यो शक्ति विकेन्द्रीकरणको व्यवस्था हो। यसमा सबै काम एउटै निकायले गर्ने वा कार्यकारीले फत्ते गर्न सक्दैन । भ्रष्टाचार र अख्तियार दुरुपयोग नियन्त्रण गर्न सबैको साझ प्रयास चाहिन्छ। भ्रष्टाचार वा अपराध नियन्त्रणका नाममा राज्यका सबै अधिकार एउटै संस्थामा थुपार्नु लोकतान्त्रिक सोच होइन।हरेक क्षेत्रको नियमन गर्ने पनि आफ्नै छुट्टाछुट्टै निकाय छन् । बरु, सरकारले ती सबै निकायलाई स्वायत्ततापूर्वक काम गर्ने वातावरण दिँदै अझ सशक्त र बलियो बनाउनुपर्छ ।

राज्यको एउटै निकाय सक्रिय हुँदैमा संसारमा कहीँ कतै भ्रष्टाचार नियन्त्रण भएको छैन । भ्रष्टाचार भनेको राज्यले जबरजस्ती नियन्त्रण गर्ने विषयमात्र नभई थिति बसाल्ने, भ्रष्टाचारविरोधी संस्कार र सभ्यताको विकास गर्ने विषय हो । देशमा कानुनी शासनको वकालत गर्नेहरु सत्तामा पुगेपछि कानुनको शासन होइन कानुनले शासन गर्न खोजेका छन । सरकार त संसद्ले निर्माण गरेको कानुन र तदनुरूपका विधि एवं प्रक्रिया अनुरुप चल्नुपर्छ । तिनको विधिसम्मत कार्यान्वयनका लागि राज्यका विभिन्न निकाय र संयन्त्रको व्यवस्था गरिएको हो। त्यस्ता संयन्त्र सञ्चालन गर्न लाखौंको संख्याका जनशक्ति तैनाथ गरिएका छन् । विडम्बना शासकहरु प्रायः गैरसंवैधानिक बाटो रोज्ने गरेको देखिन्छ।

सुशासनको नारा दिएर सत्तामा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकार नै त्यसको मूल आधार शासन सञ्चालनका संयन्त्र भताभुङ्ग बनाउन र जनशक्तिको मनोबल कमजोर पार्न अगाडि पुगेको पछिल्ला घटनाक्रमले दिएका छन् । राहदानी छपाइ ठेक्काका विषयमा परराष्ट्र मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कर्मचारीहरूका साथै जर्मन राजदूत र ठेकेदार कम्पनीका प्रतिनिधिहरूसँग प्रधानमन्त्रीका सल्लाहकारहरूले गरेको अशोभनीय व्यवहारको समाचार सार्वजनिक नै भएको छ। गृहमन्त्रीले होटलमा छापा हान्ने होस या भौतिक पुर्वाधारमन्त्रीको ठेकेदारलाई खुट्टा भाँच्ने, प्रदेशका मन्त्री र मेयरलाई थुन्ने जस्ता अभिव्यक्तिले सरकारको भनाइको विपरीत हुन्छासस्तो लोकप्रियताको लोभमा विधिको शासन मिच्नु कदापि उचित हुँदैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : झमेला बड्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : शुभ यात्रा | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ३ प्रतिशत समता शिक्षा शुल्क अभिभावकको थाप्लोमा नपार्न आग्रह

**रासस**
पोखरा, २ साउन

सरकारले यस आर्थिक वर्षदेखि लागू गरेको तीन प्रतिशत समता शिक्षा शुल्कको मारमा अभिभावक परेका सरोकार भएका निकायका प्रतिनिधिले बताएका छन् ।

'खबर एजुकेशन' द्वारा शनिबार आयोजित 'शिक्षा संवादः तीन प्रतिशत समता शुल्क, निजी क्षेत्रका नीतिगत चुनौती र दायित्व' सम्बन्धी अन्तरक्रियामा वक्ताहरूले उठाइएको शुल्क कुन शीर्षकमा खर्च गर्ने भन्ने स्पष्ट हुनुपर्नेमा जोड दिएका हुन्। पूर्वअर्थमन्त्री डा युवराज खतिवडाले निजी विद्यालयमा पढाउने सबै अभिभावकले वर्षमा रु १५ लाख कमाउन सक्छन् भन्ने बुझाइबाट समता शुल्क लगाइए पनि यथार्थ त्यस्तो नभएको टिप्पणी गर्नुभयो । उहाँले सामुदायिक विद्यालयका कुनकुन क्षेत्रमा कति लगानी गर्ने यकिन गरेर मात्रै यस्तो शुल्क उठाउन सम्बन्धित निकायलाई आग्रह गर्नुभयो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का पूर्वशिक्षा विभाग प्रमुख मिलन पाण्डेलेसरकारकोप्राथमिकतामा सामुदायिक विद्यालय सुधार गर्नु रहेकाले लगानी बढाउने विकल्पका रूपमा समता शुल्कको अवधारणा ल्याइएको बताउनुभयो । नेपाल अभिभावक महासङ्घका पूर्वअध्यक्ष सुप्रभात भण्डारीले शिक्षामा लगाइएको समता शुल्कले अभिभावकलाई थप समस्या हुने विचार व्यक्त गर्नुभयो। निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) का पूर्वअध्यक्ष डिके ढुङ्गानाले शिक्षामा कर थप्ने नीतिको विकल्पमा अभिभावनलाई राहत हुनेकिसिमका नीति अवलम्बन गर्नुपर्ने सुझाव दिनुभयो।

राष्ट्रिय निजी तथा आवासय विद्यालय एसोसिएसन (नेशनल प्याब्सन) का अध्यक्ष सुवास न्यौपानेले विश्वमा कतै पनि शिक्षामा कर लिने व्यवस्था नभएको बताउनुभयो । उहाँले सरकारद्वारा लागू गरिएको समता शिक्षा शुल्कको विकल्पमा राहत केन्द्रित कार्यक्रम ल्याउनुपर्ने धारणा राख्नुभयो।

# संरक्षणसँगै पर्यटकीय गन्तव्य बन्दै इलामपोखरी

**जनक श्रेष्ठ**
लमजुङ, २ साउन/रासस

लमजुङको दूधपोखरी गाउँपालिका-३ ठूलो काभ्रे र दोर्दी गाउँपालिका-५ पाँचोकको सिमानामा रहेको ऐतिहासिक तथा धार्मिक महत्वको इलामपोखरी क्षेत्र संरक्षणसँगै पर्यटकीय क्षेत्रका रूपमा विकास भएको छ।

दुई स्थानीय तहको संयुक्त पहलमा २०७२ साल वैशाखको भूकम्पबाट क्षति पुगेको सातकन्यादेवी मन्दिर पुनर्निर्माण भएपछि इलामपोखरीलाई धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने अभियानले गति लिएको हो। दोर्दी गाउँपालिकाका सिनियर सबइन्जिनियर विश्वास पाँडेका अनुसार सातकन्यादेवी मन्दिर परम्परागत मौलिक शैली कायम राख्दै पुनर्निर्माण भएको छ । तीन मिटर लम्बाइ र तीन मिटर चौडाइ रहेको दुईतले मन्दिरमा १२ वटा सालका थाम र २० वटा चुडाल प्रयोग गरिएको छ भने परम्परागत झिङ्गटीको छानो राखिएको छ।



मन्दिरको माथिल्लो भागमा करिब आठ किलो तौलको तामाको गजुर जडान गरिएको छ । मन्दिरमा दुईवटा ढोका, तल्लो तलामा दुईवटा झ्याल र माथिल्लो तलामा चारवटा झ्याल निर्माण गरिएको छ । पुरानो संरचनाको मौलिकता कायम राख्दै पुनर्निर्माण गरिएकाले मन्दिरको ऐतिहासिक स्वरूप जोगाइएको पाँडेले बताउनुभयो । उहाँका अनुसार मन्दिर पुनर्निर्माणका लागि गणपति कन्स्ट्रक्सन, नुवाकोटसँग रु ७२ लाख ५५ हजारमा सम्झौता गरिएको थियो । बजेट व्यवस्थापनमा भएको ढिलाइ, सडक पहुँचको समस्या तथा निर्माण सामग्री ढुवानीमा देखिएका कठिनाइका कारण तोकिएको समयमा काम सम्पन्न हुन सकेन। सो कामका लागि सङ्घीय सरकारबाट रु ४५ लाख बजेट प्राप्त भएको थियो भने बाँकी रकम दूधपोखरी र दोर्दी गाउँपालिकाले आधाआधा व्यहोर्नेगरी काम अघि बढाइएको थियो । समयमै काम सम्पन्न हुन नसक्दा सङ्घीय बजेटमध्ये रु १५ लाखबराबरको मात्र काम भएको र बाँकी रकम फिर्ता गएको पाँडेले बताउनुभयो । बाँकी निर्माणकार्यलाई निरन्तरता दिन दुवै गाउँपालिकाले आफ्नै स्रोतबाट बजेट व्यवस्थापन गरी काम सम्पन्न गरेका हुन् । पर्खाल, रेलिङ, मन्दिरमा चढ्ने सिँढी तथा शौचालय फिटिङलगायतका काम समेटिएपछि हाल सम्पन्न योजनाको कुल लागत रु ८३ लाख ६९ हजार ७९ पुगेको उहाँले जानकारी दिनुभयो । इलामपोखरी क्षेत्रको समग्र विकासका लागि तयार गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)को कुल लागत रु १० करोड १६ लाख १० हजार ६६ बराबर छ। डिपिआरमा सातकन्यादेवी मन्दिर, शौचालय, सानो गुम्बा, तीनवटा ढङ्गेधारा, चौतारा, स्तूपा, पर्खाल, पार्क, पार्किङ, कम्पाउन्डलगायतका संरचना निर्माण तथा इलामपोखरी ताल संरक्षणका योजना समेटिएका छन् । हाल सम्पन्न मन्दिर पुनर्निर्माण र शौचालय निर्माण सोही डिपिआरअन्तर्गतको पहिलो चरणको काम भएको पाँडेले बताउनुभयो। गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षको उद्योग तथा पर्यटनतर्फको बजेटमा इलामपोखरी क्षेत्रको संरक्षण तथा पर्यटन पूर्वाधार विकासका लागि रु २० लाख विनियोजन गरेको छ। उक्त बजेटबाट इलामपोखरी ताल संरक्षण तथा डिपिआरमा समेटिएका बाँकी पूर्वाधार निर्माणका काम क्रमशः अघि बढाइनेछ।

गण्डकी प्रदेश सरकारका उद्योग तथा पर्यटनमन्त्री यशोदा रिमालले ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्भावना बोकेको इलामपोखरी क्षेत्रको संरक्षण, विकास र पर्यटन प्रवर्द्धनका लागि बजेट विनियोजन गरिएको बताउनुभयो । उहाँले इलामपोखरीको विकासले पर्यटक आगमन बढाउनुका साथै लमजुङको पहिचान विस्तार, स्थानीय अर्थतन्त्र चलायमान बनाउन र धार्मिक आस्थाको संरक्षणमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । इलामपोखरी ताल संरक्षणका थप काम बाँकी छ । पोखरीको पानी विभिन्न स्थानबाट चुहिने समस्या रहेकाले दीर्घकालीन संरक्षणका लागि थप प्राविधिक अध्ययन र संरचना निर्माण गर्नुपर्ने आवश्यकता छ। डिपिआरमा समेटिएका पार्क, पार्किङ, गुम्बा, ढुङ्गेधारा, स्तूपा, चौतारालगायत संरचना निर्माण तथा ताल संरक्षणका बाँकी काम बजेट उपलब्धताअनुसार चरणबद्ध रूपमा अघि बढाउने तयारी छ।

स्थानीय जनश्रुतिअनुसार इलामपोखरीमा सात वर्ष उमेरका दुई कन्याले जलसमाधि लिएपछि देवीको स्वरूप धारण गरेको विश्वास छ । सोही विश्वासका आधारमा यहाँ सातकन्यादेवीको पूजा-आराधना गर्ने परम्परा सुरु भएको स्थानीयवासी बताउँछन्।

चौबिसे राज्यकालीन समयमा लमजुङ महत्त्वपूर्ण राज्यका रूपमा परिचित थियो। त्यही कालखण्डसँग जोडिएको मानिने इलामपोखरी क्षेत्र धार्मिक आस्थाका दृष्टिले समेत महत्त्वपूर्ण रहेको स्थानीय विश्वास छ । सातकन्यादेवी मन्दिरको पुनर्निर्माणले यस क्षेत्रको ऐतिहासिक तथा सांस्कृतिक विरासत संरक्षण गर्दै नयाँ पुस्तासँग जोड्ने प्रयास गरेको छ । समुद्री सतहदेखि दुई हजार २६० मिटर उचाइमा रहेको इलामपोखरी प्राकृतिक सुन्दरताले भरिपूर्ण पर्यटकीय गन्तव्य हो । यहाँबाट सूर्योदय, सूर्यास्त तथा विभिन्न हिमशृङ्खलाको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । इलामपोखरीस्थित सातकन्यादेवी मन्दिरमा पूजा गरे मनोकामना पूरा हुने जनविश्वास छ । साउन महिनाबाहेक अन्य समयमा यहाँ बलि चढाउने परम्परा छ । चैत शुक्ल पूर्णिमामा ठूलो मेला लाग्ने तथा हरिबोधनी एकादशीका दिन स्थानीय झाँक्रीले फूलमाला चढाउने धार्मिक परम्परा छ।

स्थानीयवासीका अनुसार बिचौर क्षेत्रका दवाडी र न्यौपाने समुदायले धानको बीउ राख्नुअघि तथा धान काट्नुअघि इलामपोखरीबाट दूधको धारा लगाउने परम्परा अहिले पनि कायम छ । दोर्दी गाउँपालिकाका उपाध्यक्ष बिच्छबहादुर घलेले इलामपोखरीसँग आफ्नो बाल्यकालदेखिको भावनात्मक सम्बन्ध रहेको बताउनुभयो । सोही पालिका-५ पाँचोक निवासी घलेले बाल्यकालमा गाईवस्तु चराउन इलामपोखरी आसपास पुग्ने गरेको स्मरण गर्दै ऐतिहासिक तथा धार्मिक महत्व बोकेको क्षेत्र संरक्षणविहीन अवस्थामा देख्दा मन दुख्ने गरेको सुनाउनुभयो।

"अहिले म पालिकाको उपाध्यक्षको जिम्मेवारीमा रहँदा यस क्षेत्रको संरक्षण र विकासका काम अघि बढ्न थालेका छन् । यसले व्यक्तिगत रूपमा पनि निकै खुसी लागेको छ", उहाँले भन्नुभयो । उहाँले केही वर्षअघि इलामपोखरीमा आयोजना गरिएको मेलामा १५ देखि २० हजारसम्म दर्शनार्थी तथा पर्यटक सहभागी भएको उल्लेख गर्दै पूर्वाधार थप व्यवस्थित गर्नसके यस क्षेत्र धार्मिक तथा पर्यटकीय हिसाबले अझ आकर्षक गन्तव्य बन्ने विश्वास व्यक्त गर्नुभयो।

"अझै सडक, पार्किङ, ताल संरक्षण, प्रचारप्रसार तथा अन्य आवश्यक पूर्वाधार निर्माण गर्दै जानुपर्छ । इलामपोखरीमात्र होइन, दूधपोखरी, मेमेपोखरी, दाम्राङलगायत दोर्दी गाउँपालिकाका धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण र पूर्वाधार विकासलाई पनि प्राथमिकताका साथ अघि बढाएका छौँ", उहाँले भन्नुभयो । दूधपोखरी गाउँपालिकाका उपाध्यक्ष क्षेत्रबहादुर गुरुङले इलामपोखरी दुई गाउँपालिकाको साझा ऐतिहासिक तथा धार्मिक सम्पदा भएकाले संरक्षण र विकासमा दुवै पालिकाले सहकार्य गर्दै आएको बताउनुभयो । उहाँले मन्दिर पुनर्निर्माणका लागि आवश्यक बजेट दुवै गाउँपालिकाले बराबरी व्यवस्थापन गरेको जानकारी दिँदै निर्माण दोर्दी गाउँपालिकामार्फत गरिएको बताउनुभयो। "दुई पालिकाबीचको सहकार्यबाट ऐतिहासिक सम्पदाको संरक्षण, धार्मिक पर्यटन विकास र स्थानीय समुदायको आर्थिक गतिविधि विस्तारमा सहयोग पुगेको छ। अब इलामपोखरीको थप संरक्षण, प्रचारप्रसार र आवश्यक पूर्वाधार निर्माणलाई निरन्तरता दिँदै यसलाई धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्यका साथ काम गरिरहेका छौँ", उहाँले भन्नुभयो। यसअघि गण्डकी प्रदेश सरकारले इलामपोखरी क्षेत्रमा पुग्ने पर्यटकका लागि विश्रामस्थल निर्माण गरिसकेको छ।

स्थानीय तह, प्रदेश सरकार र समुदायबीचको सहकार्यलाई निरन्तरता दिँदै डिपिआरमा समेटिएका बाँकी योजना चरणबद्ध रूपमा कार्यान्वयन गर्नसके इलामपोखरी दोर्दी र दूधपोखरी गाउँपालिकाको मात्र नभई समग्र लमजुङकै महत्त्वपूर्ण धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुने अपेक्षा छ।

# इन्धन र विद्युतीय चार्जिङ युनिटमा अतिरिक्त शुल्क उठाउन यातायात व्यवसायीको सुझाव

**रासस**
काठमाडौं, २ साउन

यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले दुर्घटना राहत कोषलाई बलियो बनाउन पेट्रोलियम पदार्थमा प्रतिलिटर एक रुपैयाँ र विद्युत् चार्जिङ शुल्कमा प्रतियुनिट रु एक रुपैयाँ अतिरिक्त शुल्क उठाउन सुझाव दिएको छ।


पूर्वाधार विकासमन्त्री सुनिल लम्साल र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमलाई छुट्टाछुट्टै ज्ञापनपत्र बुझाउँदै महासङ्घले संशोधनको प्रक्रियामा रहेको सवारी ऐनमा सवारी दुर्घटनाका पीडितको तत्काल उद्धार, उपचार र क्षतिपूर्तिका लागि 'दुर्घटना राहत कोष' स्थापनाका लागि अतिरिक्त शुल्क उठाउन सुझाव दिएको हो।

महासङ्घका महासचिव डेकनाथ गौतमले देशभर सञ्चालनमा रहेका निजी तथा सार्वजनिक सवारीसाधनले प्रयोग गर्ने पेट्रोल र डिजेलमा प्रति लिटर एक रुपैयाँ थप गर्ने, विद्युतीय सवारी साधनले खपत गर्ने प्रतियुनिट बिजुलीमा एक रुपैयाँ थप गर्ने सुझाव सरकारलाई दिइएको जानकारी दिनुभयो।

यसबाहेक, बिमा कम्पनीले सङ्कलन गर्ने तेस्रो पक्ष बिमा प्रिमियमको एक प्रतिशत रकम कोषमा जम्मा गर्ने, सङ्घ, प्रदेश र स्थानीय सरकारले वार्षिक रूपमा एकमुष्ट रकम कोषमा जम्मा गर्ने प्रस्ताव पेस गरिएको उहाँले बताउनुभयो। महासचिव गौतमले दुर्घटनापछि घाइतेको तत्काल उद्धार र उपचारका लागि कतिपय अवस्थामा बीमा रकमले मात्र नपुग्ने भएकाले यस्तो अवस्थामा पीडितलाई तत्काल राहत दिन र उपचार खर्चको व्यवस्थापन गर्न उक्त कोषले सहयोग पुग्ने उल्लेख गर्नुभयो।

कुनै दुर्घटनामा हकदार फेला नपरेका गम्भीर घाइतेको उपचार गराउनुपर्ने भएमा वा सवारी धनीले क्षतिपूर्ति दिन नसक्ने अवस्था भएमा सोही कोषबाट खर्च गरिनेछ । महासङ्घले आफूहरुले दिएको सुझावलाई हाल तयार भइरहेको सवारी ऐन, २०८३ को परिच्छेद १० मा समावेश गर्न आग्रहसमेत गरेको छ।


## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. ६ साविक हरिचौर गा.वि.स. वडा नं. ९ निवासी भारतीय भू.पू.सै.नं. ५८४६०३६N पल्टन २/९ गोर्खा राईफलका हवल्दार खिम बहादुर खत्रीको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नाम थर उदय कुमारी भन्ने सरिता खत्री, जन्म मिति वि.सं. २०२४/१०/२६ (ई.सं. ०९-०२-१९६८) भएको साथै पतिको भारतीय पेन्सन सम्बन्धी कागजातहरुमा नाम थर सरिता खत्री, वि.सं. २०२५/०२/२६ (ई.सं. ०८-०५-१९६८) भई श्रीमतीको नाम थर र जन्म मिति फरक भएता पनि व्यक्ति एउटै भएको भनी गलकोट नगरपालिका, ६ नं. वडा कार्यालयको चलानी नं. १०८९, मिति २०८३/०३/२३ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

